# पाँचथर जिल्ला अदालत

## फिदिम, पाँचथर

पत्र संख्या : ०७७/०७८
चलानी नं. :

सम्पर्क नं.:-०२४५२२१९५
इमेल:-info.dcpanchthar@supremecourt.gov.np

मिति:२०७८।०१।२७

विषय:- सेवा संकुचन गरिएको सूचना ।

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भरिएन्टको कोरोना भाइस (कोभिड-१९) नेपालमा समेत फैलिरहेको र सो महामारीको संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालय पाँचथरको मिति २०७८/०१/२६ गतेको सूचना बमोजिम मिति २०७८/०१/२७ गते सोमबार मध्यराती १२:०० बजेदेखि मिति २०७८/०२/०३ गते सोमबार मध्यराती १२:०० बजेसम्म पाँचथर जिल्लाभर निषेधाज्ञा जारी गरेको, सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८/०१/१४ मा प्रकाशित प्रेस विज्ञप्ति अनुसार जिल्ला अदालतहरुले समेत स्थानीय परिस्थिति एवं जोखिमको मूल्याङ्कनको आधारमा उपयुक्त देखिएको कामकारवाही र सेवा प्रवाहको व्यवस्था मिलाउने भन्ने उल्लेख भएको, पछिल्ला दिनहरुमा छिमेकी जिल्लाहरुमा समेत संक्रमण तीव्ररुपमा बढिरहेको र यस अदालत समेतको काम कारवाहीमा कोरोना भाईरस(कोभिड-१९) को नयाँ भेरिएन्टको कारणले परेको असर, जिल्ला प्रशासन कार्यालय पाँचथरबाट जारी भएको निषेधाज्ञा र सेवा संकुचनका सम्बन्धमा आज मिति २०७८/०१/२७ गते पाँचथर जिल्ला अदालतमा बसेको सरोकारवालाहरु समेतको संयुक्त बैठकले यस अदालतबाट प्रवाह हुने देहायका सेवाहरु बाहेक अन्य सेवाहरु मिति २०७८/०१/२८ गतेदेखि मिति २०७८/०२/०३ गते सम्म लागु हुने गरी संकुचन गर्ने भन्ने निर्णय भएकोले यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

देहाय

१. बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदन दर्ता गर्ने ।
२. अभियोग-पत्र दर्ता, प्रतिवादीको बयान र थुनछेक आदेश गर्ने ।
३. म्याद थप, पक्राउ पूर्जी जारी गर्ने, जरुरी पक्राउ पूर्जीको समर्थन र कल डिटेलको अनुमति प्रदान सम्बन्धी कार्य गर्ने।
४. काम कारवाही तथा सेवा प्रवाह स्थगन भएको अवधिका मुद्दाहरुको म्याद, हदम्याद र तारेख नगुज्रने ।
५. जिल्ला प्रशासन कार्यालय पाँचथरबाट निषेधाज्ञाको समयावधि थप भएमा यस अदालतको सेवा प्रवाहमा भएको संकुचनमा समेत सोही अनुसार समायवधि स्वत: थप हुने।

..............................
विश्व जंग सिजापती
श्रेष्तेदार